# सारांश

"संक्रमणकालीन न्यायसहित शान्ति प्रक्रियाको अन्तिम चरणमा प्रवेश गरिरहेको नेपाललाई अन्तर्राष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको आदेश तथा पीडितहरूको आवश्यकता अनुकूल हुने प्रक्रिया विकसित गरी अवलम्बन गर्नका लागि सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघ तयार छ।"

– एन्टोनियो गुटेरेस, संयुक्त राष्ट्रसंघका महासचिव, २०८० कार्तिकमा नेपाल भ्रमणका क्रममा

"मैले द्वन्द्वको समयमा श्रीमान् गुमाउनुपरेको भए पनि जाहेरी दर्ता गर्दा केही प्रगति भइरहेको अनुभव गरेको थिएँ। मैले अलिकति भए पनि शान्तिको अनुभव गरेकी थिएँ र मेरो आत्मविश्वास बढेको थियो। अन्ततोगत्वा म बोल्न सक्ने भएकी थिएँ। अहिले मैले मेरो श्रीमान्को निवृत्तिभरण (पेन्सन) पाउने कुनै उपाय छैन। कि त उनीहरूले मेरा श्रीमान् जिउँदो हुनुहुन्न भनेर उहाँको लाश दिनुपऱ्यो, कि त उनीहरूले मलाई आशा दिनुपऱ्यो। मेरो श्रीमान्लाई बेपत्ता बनाउने व्यक्तिहरू कानूनको कठघरामा उभिनैपर्छ।"

– योगमाया दाहाल, उनको श्रीमान्लाई सुरक्षाकर्मीहरूले २०५९ सालमा बेपत्ता पारेका थिए। अदालतमा मुद्दा चलिरहेको र घटनाको अनुसन्धानको प्रतिज्ञा गरिएको भए पनि कुनै खास प्रगति नभएको उनले बताइन्।

२०६३ सालमा भएको विस्तृत शान्ति सम्झौतासँगै नेपालको सशस्त्र द्वन्द्व अन्त्य भएको लगभग दुई दशक बितिसकेको छ। तत्कालीन माओवादी विद्रोहीहरूलाई निःशस्त्रीकरण गरिसकिएको छ र निर्वाचित संविधानसभाले संघीय गणतन्त्र सहितको संविधान जारी गरिसकेको छ। शान्ति सम्झौतामा गरिएका प्रतिबद्धतामध्ये संक्रमणकालीन न्याय प्रक्रिया अघि बढाउने काम भने पूरा भएको छैन। पीडितहरूले चाहेबमोजिम सत्य र न्याय स्थापित गराउने प्रक्रिया अघि बढाउने एवं भविष्यमा सबै नेपालीहरूको अधिकार संरक्षण गराउन सहयोग गर्ने अवसर अहिले विद्यमान छ।

२०८० कार्तिकमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपाल भ्रमणका क्रममा नेपाल सरकार सार्थक संक्रमणकालीन न्याय प्रक्रिया आरम्भ गर्ने स्थितिमा पुगेको बताएका थिए। सरकारले नयाँ कानून ल्याउने प्रतिबद्धता व्यक्त गरेको छ। २०८० मंसिरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भनेका थिए, "पीडितहरू यस प्रक्रियालाई द्रुत गतिमा अघि बढाएको हेर्न चाहन्छन्। सरकारको पनि त्यही इच्छा हो। अन्योल र आशंकामा बसिरहनुपर्ने स्थिति छैन।"

तर संसद्मा विचाराधीन रहेको विधेयकमा परिपूरण सहित महत्त्वपूर्ण प्रावधानहरू राखिएको भए पनि सर्वोच्च अदालतले निर्धारण गरेको तथा अन्तर्राष्ट्रिय कानूनमा स्पष्ट रूपमा व्यवस्था गरिएको मापदण्ड अनुकूल हुनका लागि एवं पीडितहरूको न्यायिक आवश्यकता पूरा गर्नका लागि विधेयकमा अझै पनि उल्लेख्य संशोधनहरू गर्नु जरूरी छ। अहिलेकै अवस्थामा रहेको विधेयकले यस प्रतिवेदनमा उल्लेख गरिएका कतिपय गम्भीर मानवअधिकार उल्लंघनलाई नेपालको संक्रमणकालीन न्याय प्रक्रियाबाट बाहिरै राख्ने सम्भावना छ।

यो कानून मापदण्डबमोजिम नबनेमा संक्रमणकालीन न्याय प्रक्रिया पुनः बिथोलिनेछ र यसले पीडित तथा शान्ति प्रक्रियालाई टुंग्याउने जिम्मेवारी पाएका अन्य सबैलाई निराश बनाउनेछ। साथै, नेपालमा विधिको शासन बलियो बनाउने काममा अवरोध गर्ने जोखिम छ।

ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम नेपालले तयार पारेको यस प्रतिवेदनले सत्य, जवाफदेहिता तथा परिपूरणको खोजीमा उत्तरजीवी र पीडितहरूले दशकौंदेखि गरिरहेको संघर्षको वर्णन गरेको छ। एड्भोकेसी फोरम नेपालको सहयोगमा पीडितहरूले द्वन्द्वको समयमा भएका गैरन्यायिक हत्याका ६२ वटा मुद्दा ( परिशिष्ट हेर्नुहोस्) नेपालका विभिन्न अदालतमा दायर गरेको भए पनि त्यसमा कुनै प्रगति हुन सकेको छैन। यी मुद्दाहरूलाई हामीले २०६५ सालदेखि निरन्तर पाँचवटा प्रतिवेदनमार्फत अद्यावधिक गर्दै आइरहेका छौं। अदालतहरूले यी मुद्दाको अनुसन्धान गर्नका लागि आदेश दिएको भए पनि एकपछि अर्को सरकारले प्रहरीलाई यी घटनाको अनुसन्धान नगर्न निर्देशन दिएका छन्। द्वन्द्वकालमा भएका सबै मानवअधिकार उल्लंघनलाई संक्रमणकालीन न्याय प्रक्रियाले समेट्ने दाबी सरकारले लिने गरेको छ तर उक्त प्रक्रिया हालसम्म शुरू गरिएको छैन।

परिशिष्टमा रहेको टेबलमा उल्लेख भएबमोजिम, गैरन्यायिक हत्याका यी पीडितहरूले प्रायःजसो “अन्तरिम राहत” का नाममा केही रकम प्राप्त गरेका छन् तर राष्ट्रिय मानवअधिकार आयोगले उनीहरूलाई क्षतिपूर्ति दिनका लागि सिफारिश गर्ने गरेको छ र यदाकदा गरिएका यस्ता सिफारिशको कार्यान्वयन गरिएको छैन।

तत्कालीन माओवादी विद्रोही र सुरक्षाकर्मीहरूबीच २०५२ देखि २०६२ सालसम्म भएका भिडन्तमा १७ हजारजनाको हत्या भएको थियो र ३ हजार २ सय ८८ जना जबर्जस्ती बेपत्ता पारिएका थिए। ती पीडितहरूलाई लामो समयदेखि न्याय र परिपूरणबाट वञ्चित गरिएको छ। पीडितहरू नेपालका विभिन्न अदालत, सरकारले गठन गरेका संक्रमणकालीन न्याय संयन्त्रहरू, संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय निकायसमक्ष न्यायका लागि पुगेका छन्। तर दण्डहीनतालाई मलजल गरिरहेका सरकारी अधिकारीहरूले राष्ट्रिय स्तरमा जवाफदेहिताका लागि गरेका पहलहरूलाई निरन्तर रोक्ने गरेका छन्।

यसका अतिरिक्त, यौनहिंसाका उत्तरजीवीहरूले सामाजिक लाञ्छनाको सामना गर्नुपरेको थियो। सरकारले २०७३ देखि २०७५ सालसम्म द्वन्द्वकालीन मानवअधिकार उल्लंघनको अभिलेखीकरण गर्दा यी उत्तरजीवीहरूले आफ्नो घटनाको बारेमा उजुरी दर्ता गराउन सकेका थिएनन्। अन्य अपराधका पीडितहरू जस्तो गरी यौनहिंसा र यातना एवं दुर्व्यवहारका उत्तरजीवीहरूले “अन्तरिम राहत” प्राप्त गरेनन् यद्यपि धेरैजसो उत्तरजीवीहरू दीर्घकालीन शारीरिक तथा मनोवैज्ञानिक चोटहरूबाट पीडित छन्।

यस प्रतिवेदनमा उल्लेख गरिएका अधिकांश घटनामा प्रत्यक्षदर्शी तथा पीडितका आफन्तहरूले मानवअधिकार उल्लंघनको आदेश दिने अधिकारीहरू स्वयं संलग्न रहेको वा घटना हुँदा उपस्थित रहेको आरोप लगाएका छन्। मानवअधिकार उल्लंघनका सबभन्दा जघन्य घटना बाँके र बर्दिया जिल्लामा भएका थिए र ती घटनाको राम्रो अभिलेखीकरण गरिएको छ। हाल विद्यमान संक्रमणकालीन न्याय सम्बन्धी आयोगहरूमा उजुरी दिएको भए पनि आफूहरूले कुनै न्यायिक उपचार नपाएको र अहिलेसम्म पनि आर्थिक संघर्ष गरिरहनुपरेको उनीहरूको भनाइ छ।

नेपाली सेनाका पूर्व सहसेनानी रमेश स्वाँर बाँकेको चिसापानी ब्यारेकमा यातना, यौनहिंसा, जबर्जस्ती बेपत्ता र गैरन्यायिक हत्याका पीडक भनिएका व्यक्ति हुन्। उनलाई संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) र राष्ट्रिय मानवअधिकार आयोगका साथै ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम नेपालसँग कुराकानी गर्ने प्रत्यक्षदर्शीहरूले पनि पीडकका रूपमा पहिचान गरेका छन्

। उनीभन्दा माथिका अधिकारी तत्कालीन सेनानी (पछि सहायक रथी) अजित थापालाई पनि ओएचसीएचआर र राष्ट्रिय मानवअधिकार आयोगले यातना तथा जबर्जस्ती बेपत्ताका घटनामा जिम्मेवार रहेको भनी आरोप लगाएका छन् । उनीहरूका विरुद्ध अनेकौं जाहेरी दर्ता गरिएको भए पनि प्रहरीले कुनै कारवाही चलाएको छैन । स्वाँर र थापालाई अभियोजन गर्न बाँकी नै छ र पुर्पक्षमा उनीहरूले निर्दोषिताको अनुमानका साथ आफ्नो प्रतिरक्षा गर्ने अधिकार राख्दछन् । तर पीडक भनिएका अनेकौं व्यक्तिमध्ये यी दुईजना उदाहरण मात्र हुन् र प्रहरीले त्यस्ता व्यक्तिमाथिको आरोपमा कुनै अनुसन्धान गरेको छैन । पीडित र उनीहरूका परिवार भने सत्य र न्यायको प्रतीक्षामा रहेका छन् ।

अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने संक्रमणकालीन न्याय प्रक्रिया नेपालले अंगीकार नगरेसम्म अन्य मुलुकहरू तथा संयुक्त राष्ट्रसंघले पीडकपरीक्षणका उपायहरूलाई कठोर बनाउनुपर्छ । यसो गर्दा मात्र गम्भीर उल्लंघनमा संलग्न रहेका भनिएका र न्यायमा अवरोध गरिरहेका पीडकहरू अन्तर्राष्ट्रिय नियुक्ति पाउनबाट वञ्चित हुन्छन् । विदेश भ्रमण गर्ने पीडक भनिएका व्यक्तिहरूलाई विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्त अन्तर्गत अनुसन्धान गर्नुपर्छ । उक्त सिद्धान्तले अन्तर्राष्ट्रिय कानून अन्तर्गत गम्भीर अपराधका घटना जहाँ गरिएको भए पनि र पीडक वा पीडितको जुनसुकै राष्ट्रियता भए पनि घटनाको अनुसन्धान तथा पीडकको अभियोजन गर्न उक्त देशका अधिकारीहरूलाई अधिकार दिन्छ ।

अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका गम्भीर अपराधमा जवाफदेहिता कायम गर्नु कुनै पनि विश्वसनीय संक्रमणकालीन न्यायको अत्यावश्यक जिम्मेवारी हो तर यसबाहेकका जिम्मेवारीहरू पनि हुने गर्छन् । सत्य, न्याय, परिपूरण तथा नदोहोरिने प्रतिबद्धताको प्रवर्धन सम्बन्धी संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदकले संक्रमणकालीन न्याय प्रक्रियाका पाँचवटा अंगहरूको पहिचान गरेका छन् । ती हुन् : सत्य, न्याय, परिपूरण, स्मृति कार्य र नदोहोरिने प्रतिबद्धता । नेपाल सरकारले यीमध्ये कुनैको पनि कार्यान्वयन गरेको छैन ।

अधिकांश पीडितहरूलाई द्वन्द्वको समयमा बेहोर्नुपरेको क्षतिका लागि तत्कालै राहत र परिपूरणको आवश्यकता छ र उनीहरू द्वन्द्वको असरका कारण कठिन परिस्थितिमा बाँचिरहेका छन् । उदाहरणका लागि, उनीहरू परिवारको कमाउने सदस्य गुमाउनुपरेको अवस्था वा मनोसामाजिक चोट सहितका घाउचोटहरू सहन बाध्य छन् । महासचिव गुटेरेसले कार्तिकमा गरेको नेपाल भ्रमणको समयमा र त्यसपछि पनि पीडितहरूको समूहले जवाफदेहिता र परिपूरण सहित संक्रमणकालीन न्यायका विभिन्न अवयवहरूलाई समेटेको संक्रमणकालीन न्याय प्रक्रियाको आह्वान गरेका छन् ।

## नेपालमा दण्डहीनताको संकट

२०७१ सालमा नेपालको संसद्ले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन पारित गरेको थियो । तर त्यसले नेपाली तथा अन्तर्राष्ट्रिय कानूनी मापदण्ड पूरा गर्न नसकेको भन्दै २०७२ सालमा त्यसलाई सर्वोच्च अदालतले खारेज गरिदिएको थियो । विशेषगरी गम्भीर अपराधमा दण्डहीनताको प्रावधान राखिएकाले उक्त विधेयक खारेज गरिएको थियो ।

"यस्ता ज्यादतीहरूमा क्षमादान दिँदा केही व्यक्तिहरू कानूनभन्दा माथि रहेको सन्देश नेपाली समाजमा जाने थियो," संयुक्त राष्ट्रसंघका विज्ञहरूले असार २०७१ मा भनेका थिए । उनीहरूले सचेत गराएका थिए, "विगतका अपराधलाई स्वीकार गर्ने कानून नल्याइएमा देशमा दण्डहीनता थप गहिरिनेछ ।"

द्वन्द्वका क्रममा गरिएका मानवअधिकार उल्लंघनमा जवाफदेहिताको अभावका कारण नेपालमा दण्डहीनताको संकट उत्पन्न भएको विषयमा सबै मानवअधिकार रक्षकहरू सहमत छन् । हिरासतमा यातनाका कारण व्यक्तिको मृत्यु भएको भनिएको घटना वा प्रदर्शनकारीको हत्या गरिएको घटनामा प्रहरी र सुरक्षाकर्मीहरूलाई विरलै मात्र अनुसन्धानको दायरामा ल्याउने गरिएको छ । त्यसैगरी सार्वजनिक सेवामा नकारात्मक असर पार्ने र जनताको आर्थिक तथा सामाजिक अधिकार हनन गर्ने गरी व्यापक रूपमा हुने गरेको भ्रष्टाचारका लागि राजनीतिकर्मी र अधिकारीहरूलाई जवाफदेही बनाइने गरेको छैन ।

सर्वोच्च अदालतले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का कतिपय प्रावधानहरूका विरुद्ध आदेश दिएको भए पनि उक्त कानूनमार्फत सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २०७२ सालमा गठन गरिएका थिए । उक्त कानून निलम्बनको स्थितिमा रहेको भए पनि यी दुई आयोगहरू विद्यमान छन् यद्यपि यिनले एउटा पनि घटनाको अनुसन्धान पूरा गरेका छैनन् ।

एड्भोकेसी फोरम नेपाल तथा ह्युमन राइट्स वाचले २०६३ सालदेखि अभिलेखीकरण गर्दै आएका ६२ वटा द्वन्द्वकालीन घटनामा एड्भोकेसी फोरम नेपालका कानूनव्यवसायीहरूले प्रत्येक तीन महिनामा प्रहरी र अभियोजनकर्ताहरूसँग अद्यावधिक विवरण मागिरहेका छन् । तर प्रहरी र अभियोजनकर्ताहरूले द्वन्द्वकालीन घटनामा अनुसन्धान नगर्ने किनकि तिनलाई संक्रमणकालीन न्यायका दुई संयन्त्र (सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग) ले छानबिन गर्ने बताउँदै आएका छन् । यीमध्ये हत्याका कतिपय मुद्दामा सर्वोच्च अदालत आफैंले तत्काल अनुसन्धान गर्न आदेश दिएको छ । सरकारको आदेश पालन गर्ने क्रममा प्रहरीले अदालतको निर्देशन बेवास्ता गर्ने गरेको छ । प्रहरीले न्यायपालिकाको आदेशको साटो कार्यपालिकाको निर्देशन पालन गर्नुले विधिको शासनमा समस्या विद्यमान रहेको र प्रहरीमा राजनीतिक हस्तक्षेपको स्थिति रहेको उजागर गरेको छ ।

द्वन्द्व अन्त्य भएपछि भएका अधिकांश मानवअधिकार उल्लंघनका घटनामा दण्डहीनताको प्रवृत्ति विद्यमान देखिन्छ । पीडक भनिएका व्यक्तिलाई जवाफदेही बनाउने कुनै पनि प्रयास भएको छैन र गरिएको प्रयास पनि खासै उल्लेख्य छैन । यसले विधिको शासनलाई थप कमजोर बनाएको छ । मानवअधिकार उल्लंघनकर्ताहरूलाई अभियोजन गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगले गरेका सयौं सिफारिशमा सरकारले कुनै कार्यान्वयन गरेको छैन र संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिका सिफारिशहरूलाई पनि बेवास्ता गरेको छ ।

यस प्रतिवेदनमा गरिएका सिफारिशहरूले उल्लेख गरेका उपायले सुरक्षाकर्मीहरूबाट भइरहेको ज्यादती रोक्न तथा दोषीलाई जवाफदेही बनाउन मद्दत गर्नेछन् ।

## संसद्मा विचाराधीन कानून

२०७९ चैत ५ मा प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा रहेको नवनिर्वाचित गठबन्धन सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ को संशोधन गर्न बनेको विधेयक संसद्समक्ष पेश गरेको थियो ।

यस विधेयकमा कतिपय प्रावधानहरू सकारात्मक छन् । यसले परिपूरणको अधिकारलाई समेटेको छ यद्यपि कसरी परिपूरण दिने र अघिल्लोपटक दिइएका राहत प्याकेजहरूबाट वञ्चित भएका कतिपय पीडितहरूलाई कसरी अन्तरिम राहत दिने भन्ने विषयमा थोरै मात्र विवरण दिएको छ । यसले जबर्जस्ती बेपत्ता पारिएका पीडितको परिवारलाई उनीहरूको सम्पत्तिमा हकदार बनाउने सुनिश्चितता पनि गरेको छ । यसले सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई द्वन्द्वको मूल कारण तथा असरको अध्ययन गरी संस्थागत सुधारको सिफारिश गर्ने अधिकार पनि दिएको छ ।

यस प्रस्तावअन्तर्गत सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले द्वन्द्वको समयमा भएका भनिएका अपराधको अनुसन्धान गर्नेछन् । “मानवअधिकारको गम्भीर उल्लंघन” भनी वर्गीकरण गरिएका घटनालाई विशेष अदालतसमक्ष पेश गरी अभियोजन गर्न सकिन्छ । तर विधेयकले बलात्कार र “गम्भीर यौनहिंसा”, जबर्जस्ती बेपत्ता, “क्रूर वा अमानवीय यातना” लाई समेटेर “गम्भीर उल्लंघन” भनी गरेको परिभाषा तथा गैरकानूनी हत्याको परिभाषालाई अन्तिम रूप दिन बाँकी छ । अहिलेको परिभाषाले यातना र गैरकानूनी हत्याका केही घटना सहित अन्तर्राष्ट्रिय कानूनअन्तर्गत गम्भीर अपराध भनिएका अनेकौं घटनालाई समेट्दैन र जवाफदेहिताको विषयमा ठूलो प्रश्न उठाउँछ ।

“गम्भीर” भनी परिभाषित गरिएका यी अपराधबाहेकको बेग्लै वर्गमा यस विधेयकले “राष्ट्रिय कानून, अन्तर्राष्ट्रिय मानवअधिकार कानून वा मानवीय कानूनविरुद्धका कुनै पनि कार्य” लाई त्यस्तो मानवअधिकार उल्लंघनका रूपमा लिएको छ जसलाई विशेष अदालतसमक्ष पेश गर्न पाइँदैन । यस्तो किसिमको भाषा विधेयकमा प्रयोग गरिँदा त्यसले कतिपय गम्भीर मानवअधिकार उल्लंघन तथा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत गम्भीर अपराधका घटनामा पीडक भनिएका व्यक्तिलाई वस्तुगत रूपमा क्षमादानको अवसर दिने जोखिम रहन्छ । गम्भीर अपराधमा क्षमादान अन्तर्राष्ट्रिय कानून र मापदण्डविपरीत हुन्छ र यसले पीडितहरूमा गम्भीर चिन्ता उत्पन्न गराउँछ ।

विशेषगरी “गम्भीर” उल्लंघन र मानवअधिकारका अन्य उल्लंघनको परिभाषाले अपराध “निःशस्त्र व्यक्ति वा समुदायविरुद्ध लक्षित वा योजनाबद्ध तरिकाले गरिएको” हुनुपर्ने शर्त राख्छ । यसको अर्थ हुन्छ, लडाकूहरूका विरुद्ध गरिएको वा अलक्षित रूपमा वा योजनाबद्ध नभइकन गरिएको अपराधका पीडकहरूलाई कुनै पनि फौजदारी जवाफदेहिता वहन गराइने छैन र यस्ता अपराधका पीडितलाई विधेयकमा उल्लेख गरिएका परिपूरण लगायत राहतका अन्य कुनै पनि उपायका लागि योग्य ठानिनेछैन ।

यसका अतिरिक्त, यस विधेयकले विशेष अदालतमा न्यायाधीशहरूको स्वतन्त्र नियुक्तिको सुनिश्चितता गरेको छैन र गम्भीर अपराधको अनुसन्धान तथा अभियोजनसँग जोडिएका जटिलताको व्यवस्थापन गर्न सक्ने योग्य व्यक्ति छनोटको सुनिश्चितता पनि गरेको छैन ।

पीडितहरूको समूह, अभियन्ता, अन्तर्राष्ट्रिय मानवअधिकार संगठन, संयुक्त राष्ट्रसंघ र अन्य निकायले विधेयकमा रहेका कमीकमजोरीलाई सम्बोधन गर्नका लागि नेपाल सरकारलाई दबाब दिएका छन् । गम्भीर अपराधमा दिइने क्षमादान जस्तो महत्त्वपूर्ण विषयलाई सम्बोधन गर्नुपर्ने उनीहरूको भनाइ छ । २०८० जेठ ५ मा संसद्को कानून, न्याय तथा मानवअधिकार समितिले विधेयकमा संशोधनहरू प्रस्ताव गर्नका लागि ११ सदस्यीय उपसमिति गठन गरेको थियो । उपसमितिका कतिपय प्रस्तावहरू ग्रहण गरिएमा केही

चिन्ताजनक विषयको सम्बोधन गर्न मद्दत पुग्नेछ। तर प्रस्तावित संशोधनहरूले कतिपय कमीकमजोरीलाई पूर्णरूपमा सम्बोधन गरेका छैनन् ।

प्रस्तावित संशोधनअन्तर्गत न्यायको दायरामा ल्याउनका लागि ("गम्भीर" वा अन्य भनी परिभाषित गरिएको) कुनै पनि मानवअधिकार उल्लंघन "लक्षित वा योजनाबद्ध रूपमा निःशस्त्र व्यक्ति वा समुदायका विरुद्ध" गरिएको हुनुपर्ने भन्ने शर्तले बहुसंख्यक पीडित र तिनका परिवारलाई समेट्दैन । "गम्भीर मानवअधिकार उल्लंघन" भनी परिभाषित गरिएका अपराधलाई मात्र अभियोजन गर्न सकिन्छ र यसले युद्धअपराध तथा मानवताविरुद्धको अपराधका कतिपय घटनालाई समेट्दैन। त्यस्तो स्थितिमा अन्तर्राष्ट्रिय कानूनविपरीत ती अपराधहरूमा पनि क्षमादान दिन सकिन्छ। गैरन्यायिक, प्रक्रियारहित वा स्वेच्छाचारी हत्याको अपराधलाई उपसमितिले टुंगो लगाएको थिएन र थप छलफलका लागि खुला राखेको थियो ।

त्यसैगरी, यस विधेयकले संक्रमणकालीन न्यायका निकायहरूको आर्थिक स्वतन्त्रताको व्यवस्था गरेको छैन र उपसमितिको प्रतिवेदनले पनि यसलाई सम्बोधन गरेको छैन । सत्य, न्याय, परिपूरण तथा नदोहोरिने प्रत्याभूतिको प्रवर्धनसम्बन्धी संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदकले हालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार, संक्रमणकालीन न्याय संयन्त्रहरूको स्वतन्त्रता सुनिश्चित गर्नका लागि पर्याप्त भौतिक सामग्री तथा मानवस्रोत उपलब्ध गराउने पारदर्शी लगानी महत्त्वपूर्ण हुन्छ ।

सार्वजनिक बहस र मानवअधिकार अभियानका कारण विधेयकमा सुधार ल्याउन मद्दत गरेको छ र लामो समयदेखि अड्किएको संक्रमणकालीन न्यायसम्बन्धी कानून लागू गर्ने दिशामा महत्त्वपूर्ण प्रगति भएको छ। तर विधेयक र त्यसमा प्रस्तावित संशोधनले सर्वोच्च अदालतको आदेश, अन्तर्राष्ट्रिय कानूनी मापदण्ड वा अधिकांश पीडितहरूको मागलाई सम्बोधन गर्दैन। उपयुक्त संशोधनविना नै यो विधेयक पारित गरिएमा यस कानूनले न्यायको खोजीमा अवरोध गर्नेछ र संक्रमणकालीन न्याय प्रक्रियालाई फेरि वर्षौंसम्म धकेल्नेछ । यसलाई उपयुक्त रूपमा संशोधन गरिएमा यो सार्थक एवं राष्ट्रिय रूपमा स्वामित्व ग्रहण गरिएको प्रक्रियाको आधार बन्नेछ। उक्त स्वीकार्य प्रक्रियाले जवाफदेहिता र परिपूरण उपलब्ध गराएर पीडितहरूको अधिकार बहाली गराउनेछ एवं संस्थाहरू र विधिको शासनलाई सुदृढ बनाएर सबै नेपालीहरूलाई लाभान्वित बनाउनेछ ।

## सिफारिश

### नेपाल सरकारलाई

*संक्रमणकालीन न्यायका विषयमा*

- प्रक्रियारहित तथा स्वेच्छाचारी हत्या, यातना, सबै किसिमका युद्धअपराध र मानवताविरुद्धका अपराध र लडाकूहरूका विरुद्ध गरिएका मानवअधिकार उल्लंघन सहितका मानवअधिकारको जघन्य उल्लंघन तथा गम्भीर अन्तर्राष्ट्रिय अपराधको हदसम्म पुग्ने सबै कार्यलाई विशेष अदालतको क्षेत्राधिकारमा ल्याउने र क्षमादानको विषय नबनाउने सुनिश्चितता सहितको संक्रमणकालीन न्याय विधेयक संशोधन गर्ने ।
- कुनै पनि मानवअधिकार उल्लंघनका पीडितको परिभाषा “निःशस्त्र सर्वसाधारण” मा मात्र सीमित नभई लडाकूलाई समेत समेट्ने सुनिश्चितता गर्ने गरी संक्रमणकालीन न्याय विधेयक संशोधन गर्ने ।
- विगतमा उजुरी दिनबाट छुटेका यौनहिंसाका उत्तरजीवी सहितका पीडितहरूलाई नयाँ ऐनअन्तर्गत गठन गरिएका आयोगहरूमा उजुरी दिन पर्याप्त समय उपलब्ध गराउने र यस प्रक्रियाका बारेमा देशभरिका मानिसले जानकारी पाउने सुनिश्चितताका लागि बृहत् सार्वजनिक सचेतना अभियान सञ्चालन गर्ने । यौनहिंसाका घटनाको उजुरीका लागि अहिले प्रस्ताव गरिएको तीन महिनाको अवधि पर्याप्त छैन ।
- यौनहिंसा र अन्य प्रकारका लैंगिक हिंसा सम्बन्धी घटनाको छानबिनका लागि सत्यनिरूपण तथा मेलमिलाप आयोगमा विशिष्ट एकाइ निर्माण गर्ने । यस एकाइमा लैंगिक हिंसाका उत्तरजीवीहरूलाई सहयोग गर्न सक्ने प्रशिक्षित र दक्ष जनशक्ति राख्ने कुरा सुनिश्चित गर्ने र यसले उत्तरजीवीहरूको गोपनीयताको संरक्षण गर्न तथा तिनलाई सम्माननीय एवं पीडितमैत्री तरिकाले सहयोग गर्न सजिलो हुने नीति ल्याउने ।
- विधेयकले आयोगलाई सरकारबाट आर्थिक र प्रशासनिक स्वतन्त्रता सुनिश्चित गराउने तथा आवश्यक परेमा आयोगहरूले थप स्रोतसाधनमा पहुँच पाउने कुरालाई सुनिश्चित गर्ने ।
- विधेयकले नेपालको संविधानको मापदण्डअनुकूल हुने गरी विशेष अदालतमा न्यायाधीशहरूको स्वतन्त्र नियुक्तिको व्यवस्था गर्ने कुरालाई सुनिश्चित गर्ने ।
- आवश्यक संशोधनहरू गरेपछि विधेयकलाई कुनै पनि ढिलाइ नगरिकन पारित गर्नका लागि संसद्मा पेश गर्ने ।
- संशोधित विधेयक पारित भएपछि विशेष अदालत यथाशीघ्र गठन गर्ने र विशेष अदालतमा पर्याप्त स्रोतसाधन रहेको एवं त्यसमा गम्भीर अपराधका मुद्दाको जटिलतालाई व्यवस्थापन गर्न सक्ने योग्य कर्मचारी नियुक्त गरिएको कुरालाई सुनिश्चित गर्ने ।
- विशेष अदालतमा दायर गरिएका मुद्दाको अभियोजनका लागि महान्यायाधिवक्ताको कार्यालयमा निर्धारित एकाइ गठन गर्ने, गम्भीर अपराधको पर्याप्त फौजदारी अनुसन्धानमा आधारित अभियोजनको सुनिश्चितता गर्ने ।

- विश्वसनीय, पारदर्शी र परामर्शमूलक प्रक्रियामार्फत सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा योग्य एवं स्वतन्त्र आयुक्तहरू नियुक्त गर्ने ।
- सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट प्राप्त सिफारिशका आधारमा पीडित, नागरिक समाज, परिपूरणविद् र अन्य सरोकारवालाहरूसँगको विस्तृत परामर्शमार्फत परिपूरणका लागि बलियो संरचना निर्माण गर्ने । यस संरचनामा देहायका कुरा समावेश गरिनुपर्छ :
    - गम्भीर मानवअधिकार उल्लंघन तथा गम्भीर अन्तर्राष्ट्रिय अपराधका पीडितहरूको अन्तर्राष्ट्रिय कानूनअन्तर्गत परिपूरणको अधिकार हुने कुरालाई मनन गर्ने ।
    - पीडितहरूको आवश्यकताबमोजिमका विभिन्न किसिमका परिपूरणहरूको सम्भावनालाई स्वीकार गर्ने । त्यस्ता परिपूरणमा पुनर्भरण, क्षतिपूर्ति, मानसिक स्वास्थ्य सेवासहितका स्वास्थ्य सेवामा पहुँच एवं पीडित तथा तिनका परिवारका सदस्यका लागि गुणस्तरीय सेवामा पहुँच लगायत पुनःस्थापनाका उपाय, सन्तुष्टि र नदोहोरिने प्रत्याभूति पर्दछन् । यी परिपूरणहरू सामूहिक वा व्यक्तिगत हुन सक्छन् र यिनले पीडित तथा उत्तरजीवीहरूका सन्तानलाई गरिने सहायतालाई समेट्नुपर्छ ।
    - गम्भीर मानवअधिकार उल्लंघन तथा गम्भीर अन्तर्राष्ट्रिय अपराधका सबै पीडितहरूलाई राहत कार्यक्रममा समावेश गर्ने, यसअघि अन्तरिम राहत कार्यक्रममा नपरेका (यातना, बलात्कार र यौनहिंसाका पीडितहरू) लाई पनि समेट्ने ।
    - लैंगिकमैत्री र समावेशी हुने ।
    - राहत, सेवा र परिपूरणहरू सबै लाभग्राहीका लागि एउटै किसिमको नहुने बरू विभिन्न लाभग्राहीको विशिष्ट आवश्यकतालाई सम्बोधन गर्ने किसिमको हुने कुरालाई सुनिश्चित गर्ने, त्यसक्रममा यौनहिंसाका उत्तरजीवी र तिनका परिवारको विशिष्ट आवश्यकतालाई विचार गर्ने ।

**फौजदारी न्याय प्रणालीका विषयमा**

- प्रहरीको एकेडमीमा अपराध अनुसन्धान सम्बन्धी पाठ्यक्रमको सुदृढीकरण एवं निम्न दर्जाका अधिकारीहरूलाई अपराध अनुसन्धानमा सहयोग गर्नका लागि प्रशिक्षण दिने काम सहित प्रहरी प्रशिक्षण र उपकरणमा सुधार गर्ने ।
- प्रमाण ऐनको दफा ९ लाई व्यवहारमा लागू गर्ने, प्रहरीले सोधपुछका क्रममा यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट प्राप्त गरेको प्रमाणलाई अदालतले ग्राह्य नमान्ने प्रावधान यस दफामा छ ।
- बलात्कारका जाहेरीमा हदम्यादको व्यवस्थालाई खारेज गर्ने गरी अपराध संहितालाई संशोधन गर्ने ।
- लैंगिक हिंसा जोडिएको घटनाको अनुसन्धानलाई सुधार्नका लागि तालिम दिने र नयाँ नीति अंगीकार गर्ने एवं यस नीतिको पालन नगर्ने अधिकारीहरूलाई जवाफदेही बनाउने ।

- प्रहरी हिरासतमा यातना वा अन्य दुर्व्यवहार अस्वीकार्य छ र यसलाई सहन सकिँदैन भन्ने कुरालाई राज्यका अधिकारी र प्रहरीका उच्च दर्जाका अधिकृतहरूले विज्ञप्ति र अन्य उपायमार्फत स्पष्ट रूपमा र दोहोरो अर्थ नलाग्ने गरी संकेत दिने । प्रहरी नियम तथा नियमावलिमा सोधपुछका स्वीकार्य विधिहरूलाई स्पष्ट रूपमा परिभाषित गर्ने ।
- यातना र अन्य दुर्व्यवहारमा संलग्न रहेका प्रहरी अधिकृतहरू जुनसुकै दर्जाका भए पनि तिनीहरूमाथि उपयुक्त ढंगले अनुशासनात्मक कारवाही गर्ने वा अभियोजन गर्ने ।
- ज्यादती गरेको आरोप लागेका प्रहरी अधिकृतहरूलाई सरुवा नगर्ने किनकि त्यसो गर्दा अन्य नागरिकहरूलाई जोखिम हुन्छ । कुनै प्रहरी अधिकृतमाथि दुर्व्यवहारका सम्बन्धमा अनुसन्धान भइरहेको छ भने घटनाको अनुसन्धान भएर किनारा नलागुन्जेल तिनलाई आरोपका आधारमा लेखापढीको काममा सीमित गर्ने वा तलब दिएर निलम्बन गर्ने ।
- प्रहरीले ज्यादती र दुर्व्यवहार गरेको भनी उजुरी परेमा राष्ट्रिय मानवअधिकार आयोग र प्रहरीमाथिको उजुरी छानबिन गर्ने अधिकारीहरूमार्फत स्वतन्त्र अनुसन्धानलाई प्रोत्साहन गर्ने । पर्याप्त प्रमाण भेटिएमा आरोपित अधिकारीहरूलाई अभियोजन गर्ने ।
- कुनै पनि उजुरी परेमा क्षेत्राधिकारमा विवाद नगरी प्रहरीले जाहेरी दर्ता गर्ने र त्यसपछि उपयुक्त प्रहरी कार्यालयमा पठाउने कुरालाई अनिवार्य गरी ढिलासुस्ती र गलत कार्यलाई घटाउने । पर्याप्त आधारहरू विद्यमान रहेमा जाहेरी दर्ता नभएको अवस्थामा पनि अपराधको आशंका गरिएका घटनाको अनुसन्धान गर्ने ।
- सरकारी वकिललाई सुदृढ बनाउने र बलियो सार्वजनिक कानूनी प्रतिरक्षा प्रणाली विकसित गर्ने ।
- सबै थुनुवालाई कानूनव्यवसायीहरूमा पहुँच दिलाउने र प्रहरीको अवरोध विना थुनुवाले एकान्तमा कानूनव्यवसायीसँग संवाद गर्ने व्यवस्था मिलाउने ।

**नेपालको संक्रमणकालीन न्याय प्रक्रियालाई सहयोग गर्न खोज्ने विदेशी सरकार र संयुक्त राष्ट्रसंघलाई**

- नेपाल सरकारलाई विद्यमान विधेयक अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुने गरी संशोधन गर्न एवं यसलाई तत्कालै पारित गरी कानूनको रूप दिनका लागि आग्रह गर्ने ।
- यौनहिंसाका उत्तरजीवीहरू सहित पीडित तथा उत्तरजीवी समूहहरूसँग प्रत्यक्ष र नियमित रूपमा सम्पर्क गर्ने ताकि नेपाल सरकारसँग अन्तर्राष्ट्रिय समुदायको संवादमा पीडितहरूको दृष्टिकोण प्रतिबिम्बित होस् ।
- पीडित समूहहरूलाई बैठक, छलफल र आफ्ना सदस्यहरूबीच सचेतना अभियान सञ्चालनको सुनिश्चितताका लागि आर्थिक सहायता उपलब्ध गराउने ।
- अन्तर्राष्ट्रिय कानूनप्रति नेपालको दायित्व अनुकूल हुने गरी न्याय प्रक्रियामा प्राविधिक तथा आर्थिक सहायता उपलब्ध गराउने ।

- नेपालको संक्रमणकालीन न्याय प्रक्रियामा दातृनिकायमार्फत हुने कुनै पनि लगानीमा पारदर्शिता र सरकारबाट स्वतन्त्रता सहितको असल अभ्यासलाई सुनिश्चित गर्ने संयन्त्रमार्फत उपलब्ध गराउने सुनिश्चितता गर्ने ।
- संयुक्त राष्ट्रसंघको मातहतमा रहने गरी दातृनिकायको सहयोगलाई समन्वय गर्ने संरचना निर्माण गर्ने ।
- सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका आयुक्तहरूलाई सरोकारवालाहरूको विश्वास जितेको विश्वसनीय र स्वतन्त्र प्रक्रियामार्फत छनोटको सुनिश्चितताका लागि नियुक्ति प्रक्रियालाई नजिकैबाट नियाल्ने ।
- स्पष्ट सिद्धान्त र कार्यविधिअनुसार पारदर्शी एवं जवाफदेही तरिकाले पीडितहरूलाई परिपूरण उपलब्ध गरिएको कुरालाई सुनिश्चित गर्ने ।
- विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्त उपयोग गर्दै नेपालमा भएको भनिएका गम्भीर अपराधको अनुसन्धान र अभियोजन गर्ने ।